National News Bulletin

September 27, 2024

सुरुमा प्रमुख समाचार:

1. प्रधानमन्त्रीले आउँदो आइतबार मन की बात कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुँदै

2. उपराष्ट्रपतिले पर्यटन दिवस कार्यक्रमलाई गर्नुभयो सम्बोधन

3. विदेशमन्त्री IBSA बैठकमा सहभागी

4. भारत वैश्विक नवप्रर्तन सूचकांकमा उन्चालिसौँ स्थानमा पुग्न सफल

5. केन्द्र सरकारद्वारा फ्याटी लिभर रोगसम्बन्धी संशोधित परिचालन दिशानिर्देश र प्रशिक्षण पुस्तिका जारी

PM-Man Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आउँदो आइतबार बिहान ११ बजे आकाशवाणीबाट 'मन की बात' कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 114 औँ प्रकरण हुनेछ। प्रधानमन्त्रीले लगातार तेस्रो कार्यकालको जिम्मेवारी सम्हालेपछिको यो चौथो प्रकरण हुनेछ। कार्यक्रम आकाशवाणी र दूरदर्शन, आकाशवाणी समाचार वेबसाइट र न्यूज अन एयर मोबाइल एपमा प्रसारण हुनेछ। साथै, यो आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण हुनेछ। हिन्दी प्रसारण लगत्तै आकाशवाणी क्षेत्रीय भाषाहरूमा पनि प्रसारण हुनेछ।

VP-Tourism

उपराष्ट्रपति श्री जगदीप धनखरले विश्व पर्यटन दिवसका अवसरमा आज आफ्नो सम्बोधनमा पर्यटनले मानिसलाई जोड्ने भएकाले यो अहिलेको आवश्यकता रहेको र शान्ति स्थापनामा यसले ठूलो योगदान पुऱ्याउने बताउनुभयो। उहाँले विश्वको कुनै पनि भागमा द्वन्द्वले आपूर्ति श्रृङ्खला तोड्ने भएकाले, सम्पूर्ण विश्वलाई असर पर्ने उल्लेख गर्नुभयो र यस वर्षको विश्व पर्यटन दिवसको विषय 'पर्यटन र शान्ति' माथि जोड दिँदै, यो अत्यन्तै सान्दर्भिक रहेको बताउनुभयो। उपराष्ट्रपतिले यो विषय भारतको जीवन्त लोकतन्त्रका लागि पनि उपयुक्त रहेको बताउनभयो।

Foreign Minister-IBSA

विदेशमन्त्री डा. एस जयशंकरले हिजो विदेश मन्त्रीहरूको बैठक IBSA मा भाग लिनुभयो। बैठकमा ब्राजिलका विदेशमन्त्री श्री माउरो भिइरा र दक्षिण अफ्रिकाका विदेशमन्त्री श्री रोनाल्ड लामोला पनि सहभागी थिए। यस अवसरमा बोल्दै डा. जयशंकरले IBSA ले दिगो विकास लक्ष्य, गरिबी निवारण, कुपोषण र दक्षिण-दक्षिण सहयोगका साथै सामान्य विकाससम्बन्धी विश्वव्यापी छलफलहरूमा सक्रिय रूपमा भाग लिने र मार्गदर्शन गर्ने बताउनुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घीय प्रणाली र सुरक्षा परिषद्को सुधारको आवश्यकताबारे मन्त्रीहरूले साझा धारणा राखेको जानकारी दिँदै यी विषयमा छलफलको प्रक्रियालाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो। IBSA मा भारत, ब्राजिल र दक्षिण अफ्रिका पर्छन् र यो यी तीन ठूला लोकतन्त्र र अर्थतन्त्रलाई एउटै मञ्चमा ल्याउने समूह हो।

India-Global Innovation Index

वैश्विक नवप्रर्तन सूचकांक-GII 2024 मा भारत 133 वैश्विक अर्थतन्त्रहरूमध्ये 39 औँ स्थानमा पुगेको छ। केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले आज, भारत पनि मध्य र दक्षिण एशिया क्षेत्रका १० अर्थतन्त्रहरूमा पहिलो स्थानमा रहेको घोषणा गर्नुभयो। GII र्‍याङ्किङमा भारतको वृद्धि महत्त्वपूर्ण छ, किनकि देश 2015 मा 81 औँ स्थानमा थियो। GII 2024 ले 133 अर्थतन्त्रहरूको नवप्रवर्तन इकोसिस्टम कार्यसम्पादनको मूल्याङ्कन गर्नका साथै नवीनतम वैश्विक नवप्रवर्तन प्रवृत्तिहरू पत्ता लगाउँदछ।

NAFLD

सरकारले आज नयाँ दिल्लीमा नन-अल्कोहोलिक फ्याटी लिभर रोगसम्बन्धी सबै चिकित्सा अधिकारीहरूका लागि संशोधित परिचालन दिशानिर्देश र प्रशिक्षण पुस्तिका जारी गरेको छ। यस अवसरमा बोल्दै, स्वास्थ्य तथा परिवार कल्याण सचिव श्री अपूर्व चन्द्रले दिशानिर्देश र प्रशिक्षण पुस्तिका यस प्रकारको कलेजो रोगबाट पीडित व्यक्ति पहिचान गर्न निर्णायक हुन सक्छन् भन्नुभयो। श्री चन्द्रले भन्नुभयो, यी संशोधित दिशानिर्देश र प्रशिक्षण पुस्तिकाहरूले सबै स्वास्थ्यकर्मीहरूलाई रूपरेखा प्रदान गर्नेछन् र उनीहरूलाई नन-अल्कोहोलिक फ्याटी लिभर रोग पहिचान गर्ने क्षमता विकास गर्न मद्दत गर्नेछन्। उहाँले आगामी वर्ष संयुक्त राष्ट्रसंघको महासभामा सरकारले यस रोगसँग सम्बन्धित समिति गठन गर्ने जानकारी दिनुभयो।

Ayush Minister

आयुषमन्त्री श्री प्रतापराव जाधवले जनताका हितप्रति मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले मन्त्रालयले विगत १०० दिनमा हासिल गरेका उपलब्धिहरूको विवरण दिँदै, आयुष प्रणालीलाई विश्वव्यापी स्वास्थ्य सेवा प्रणालीमा एकीकरण गर्न मन्त्रालय र विश्व स्वास्थ्य संगठनबीच सम्झौता भएको जानकारी पनि दिनुभयो। केन्द्रीय मन्त्रीले विश्वभरि परम्परागत चिकित्सा प्रणालीलाई अगाडि बढाउन औषधीय वनस्पतिबारे र आयुर्वेदीय उपचारको अनुसन्धानबारे भियतनामसँग अनि ज्ञान आदानप्रदान र उत्पादनलाई प्रवर्धन गर्न मलेशियासँग भएको सम्झौताबारे जानकारी दिनुभयो।

Ek Ped Maa Ka Naam

एक पेड माँ के नाम अभियान अन्तर्गत हालसम्म देशभरि ८० करोडभन्दा बढी बिरुवा रोपिएको छ। यसरी यस महिनाभित्र ८० करोड बिरुवा रोप्ने वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयको लक्ष्य पूरा भएको छ। यो लक्ष्य यही महिनाको २५ तारिख तोकिएको समयभन्दा पाँच दिन अगाडि नै पूरा भएको मन्त्रालयले जनाएको छ।

Monkey Pox

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले राज्य र केन्द्र शासित प्रदेशहरूलाई मङ्की पक्स रोगबारे सचेतना जगाउन गतिविधिहरू आयोजना गर्न आग्रह गरेको छ। यस सन्दर्भमा मन्त्रालयले राज्यहरूलाई रणनीतिक निगरानी कायम राख्न अनुरोध गर्नका साथै मङ्की पक्सको परीक्षणका लागि सञ्चालित प्रयोगशालाको सूची पनि उपलब्ध गराएको छ। साथै, मन्त्रालयले जनस्वास्थ्य तयारीको मूल्याङ्कन गर्न निर्देशन दिएको छ, जसको राज्य र जिल्ला दुवै तहका वरिष्ठ अधिकारीहरूले समीक्षा गर्नेछन्। मन्त्रालयले शङ्कास्पद र पुष्टि भएका मामिलहरूका लागि अस्पतालहरूमा एकलबास सुविधाको व्यवस्था गर्न पनि निर्देशन दिएको छ।

Center-Minimum Salary

केन्द्र सरकारले परिवर्तनशील महँगी भत्ता परिमार्जन गरेर न्यूनतम ज्याला दर बढाउने घोषणा गरेको छ। नयाँ वेतन दर अक्टोबर १ देखि लागू हुनेछ। न्यूनतम पारिश्रमिक दरहरू अदक्ष, अर्धदक्ष, दक्ष र उच्च दक्ष स्तरहरूका आधारमा वर्गीकृत गरिन्छ। यस वर्गीकरणमा भौगोलिक क्षेत्र क,

ख र ग-लाई पनि ध्यानमा राखिएको छ। संशोधनपछि क वर्गका क्षेत्रमा निर्माण, सरसफाइ, स्वच्छता  र लोडिङ- अनलोडिङका काममा संलग्न अदक्ष कामदारको न्यूनतम पारिश्रमिक दैनिक ७ सय ८३ रुपियाँ हुनेछ। अर्धदक्ष कामदारको न्युनतम पारिश्रमिक दैनिक ८ सय ६८ रुपियाँ हुनेछ। दक्ष, लिपिक र निशस्त्र गार्डको न्यूनतम ज्याला दैनिक ९५४ रुपियाँ हुनेछ। उच्च दक्ष कामदार र सशस्त्र गार्डको न्यूनतम ज्याला दैनिक एक हजार ३५ रुपियाँ तोकिएको छ।

World Tourism Day

आज विश्व पर्यटन दिवस हो। विश्वको सामाजिक, सांस्कृतिक र आर्थिक उन्नतिमा पर्यटनको योगदानप्रति सम्मान जनाउन हरेक वर्ष यो दिवस मनाइन्छ। संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनले यस वर्षको विषय 'पर्यटन र शान्ति' घोषणा गरेको छ।

Jammu-Kashmir Election

जम्मू-कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको प्रचारप्रसार तीब्र भएको छ। राजनीतिक दलका नेताहरूले मतदातालाई प्रभावित पार्न कुनै कसर बाँकी छोडेका छैनन्। यस चरणमा अक्टोबर १ मा ४० विधानसभा सीटका लागि मतदान हुनेछ। उधमपुर पूर्व सिटमा पनि सोही चरणमा मतदान हुँदै छ।

India-BangladeshTest Match

भारत र बंगलादेशबीच कानपुरमा जारी दोस्रो तथा अन्तिम क्रिकेट टेस्ट म्याचको पहिलो दिन बंगलादेशले दुई विकेट गुमाएर ७४ रन बनाएको छ। भारतका लागि आकाशदीपले दुवै विकेट लिए। श्रृङ्खलामा एक-एकको अग्रता लिएपछि आयोजक भारतले बंगलादेशलाई दुई टेस्टको श्रृङ्खलामा क्लिन स्वीप गर्ने लक्ष्य राखेको छ। चेन्नईमा भएको पहिलो टेस्टमा भारतले बंगलादेशलाई २८० रनको ठूलो अन्तरले पराजित गरेको थियो।

Makau Badminton

मकाउ ओपन ब्याडमिन्टन महिला युगलमा त्रिशा जोली र गायत्री गोपीचन्दको भारतीय जोडी ताइवानका सु यिन हुई र वु लुओ युलाई पराजित गर्दै, सेमिफाइनलमा प्रवेश गरेको छ। भारतीय जोडीले भोलि सेमिफाइनलमा ताइवानको अर्को जोडी हसिह पेई सान र हङ एन जुसँग खेल्नेछ। यसैबीच, पुरुष एकलको क्वाटरफाइनलमा भारतका किदाम्बी श्रीकान्त हङकङका एङ्गस एनजी का लङसँग पराजित भएका छन्।

प्रमुख समाचार पुन: एकपटक

1. प्रधानमन्त्रीले आउँदो आइतबार मन की बात कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुँदै

2. उपराष्ट्रपतिले पर्यटन दिवस कार्यक्रमलाई गर्नुभयो सम्बोधन

3. विदेशमन्त्री IBSA बैठकमा सहभागी

4. भारत वैश्विक नवप्रर्तन सूचकांकमा उन्चालिसौँ स्थानमा पुग्न सफल

5. केन्द्र सरकारद्वारा फ्याटी लिभर रोगसम्बन्धी संशोधित परिचालन दिशानिर्देश र प्रशिक्षण पुस्तिका जारी